ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ | संख्या : १४ | प्रकाशित मिति : २०७९/११/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा (४) को (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०२

# एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९

**प्रस्तावना** :

ताँजाकोट गाउँपालिकाले विशेष गर्भवती, सुत्केरी, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति र सर्पले डसेका व्यक्तिहरुलाई आकास्मिक उपचारका लागि न्युनतम शुल्क र अन्य नागरिकका लागि विशेष शुल्क लिई घरबाट स्वास्थ्य संस्थासम्म आकस्मिक उपचारका लागि पुग्नुपर्ने अवस्था आएमा एम्बुलेन्स सेवा प्रदान गर्न वाञ्छनिय भएकोले ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ दफा (४) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागु गरेको छ।

## परिच्छेद-१
## संक्षिप्तनाम, प्रारम्भ र परिभाषा

१. **संक्षिप्तनाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "**एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९**" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले ताँजाकोट गाउँपालिका सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले ताँजाकोट गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) "अध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ङ) "उपाध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ताँजाकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(छ) "स्वास्थ्य शाखा" भन्नाले गाउँपालिकामा रहेको स्वास्थ्य शाखालाई सम्झनुपर्छ।

## परिच्छेद-२
## एम्बुलेन्स संचालन सम्बन्धि व्यवस्था

३. **गाउँपालिका आफैले संचालन गर्दाः**

(१) गाउँपालिकाले आफै संचालन गर्दा देहायका विषय सुनिश्चित हुनुपर्नेछ :-

(क) चौबिसै घण्टा खटिन हलुका सवारी चालक २ (दुई) जना,

(ख) वार्षिक रुपमा मर्मत सम्भार तथा ईन्धनको ब्यवस्था भएको,

(ग) टेलीफोन सहितको एम्बुलेन्स चालक कक्ष,

(घ) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारण गरेका अन्य विषयहरु।

(२) एम्बुलेन्स संचालन तथा व्यवस्थापनका लागि एउटा छुट्टै कोष खडा गरिनेछ सो कोषमा प्रत्येक वर्ष गाउँपालिकाले लिने वार्षिक बजेटमै जम्मा गरि कोषको वृद्धि गरिनेछ।

(३) एम्बुलेन्स संचालन तथा व्यवस्थापन कोषमा वार्षिक रुपमा गाउँपालिकाले जम्मा गर्ने रकमका अतिरिक्त एम्बुलेन्स सेवा शुल्क, एम्बुलेन्स संचालन तथा व्यवस्थापनका लागि प्राप्त अनुदान, आर्थिक सहयोग जस्ता रकम समेत जम्मा गरिनेछ। सोही कोषबाट एम्बुलेन्स संचालन तथा व्यवस्थापनका सवै खर्चहरु गरिनेछ।

४. **अन्य संघ संस्था तथा नीजि क्षेत्रद्धारा संचालनः**

(१) गाउँपालिकाले शर्त सहित सम्झौता गरी कुनै पनि गैर नाफामुलक, इच्छुक एम्बुलेन्स संचालन गर्न सक्ने संघ संस्था तथा नीजि क्षेत्रहरुवाट सेवा संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संस्था छनौट गर्न कम्तीमा ७ (सात) दिनको सार्वजनिक सूचना स्थानीय पत्रपत्रिका, गाउँपालिकाको वेबसाईट, फेशबुक पेज लगायतमा सूचना प्रकाशन गरी प्राप्त प्रस्तावहरु मध्ये कुनै एकलाई छनौट गर्नुपर्नेछ।

(३) छनौटका आधारहरुमा संस्थागत क्षमता, अनुभव, लागत साझेदारी प्रस्तावित रकम र मितव्ययीतालाई विशेष ध्यान दिई प्रस्तावको मूल्याकन कार्यालयले गर्नेछ।

(४) छनौट भएको संस्थालाई कार्यपालिकाको निर्णयानुसार सम्झौता गरी एम्बुलेन्स संचालनका लागि हस्तान्तरण गरिनेछ।

(५) संस्था मार्फत एम्बुलेन्स संचालन गर्दा यसरी छनौट भएको संस्था र गाउँपालिकाद्धारा संचालित एम्बुलेन्स भनी एम्बुलेन्सको देखिने भागमा लेख्नुपर्नेछ।

(६) यस दफामा लेखिएका बाहेक देहायका विषयहरु सम्झौतामा उल्लेख गर्नुपर्नेछः

(क) एम्बुलेन्स सेवा शुल्क गाउँपालिकाको आर्थिक ऐनमा तोके बमोजिम हुनेछ।

(ख) गाउँपालिका स्थायी ठेगाना भएका गर्भवती महिलाहरु मध्ये आकस्मिक रुपमा अस्पताल तथा स्वास्थ्य संस्थामा जानुपर्ने भएमा स्वास्थ्य संस्थाबाट प्रदान गरिएको गर्भवतीजाँच कार्ड (ANC Checkup card) को आधारमा

अस्पताल जाँदा शत प्रतिशत र अस्पतालबाट घर फर्कदा ५० प्रतिशत छुट दिन सोको अभिलेख राखी मासिक गाउँपालिकामा प्रतिवेदन गर्ने गरि एम्बुलेन्स सेवा संचालन गर्नुपर्नेछ।

(ग) आकस्मिक र गर्भवती महिलाहरुले प्रयोग नगरेको अवस्थामा अन्य विरामीको हकमा तोकिएको भाडा रकम लिन पाइनेछ। एकै साथ एकभन्दा बढी स्थानबाट एम्बुलेन्सको माग भएमा सर्वप्रथम अन्य सवारी साधन सहजै उपलब्ध नहुने वडाका नागरिकलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

(घ) सुत्केरी हुन जाने महिलालाई सेवा दिन कुनै कारणले वञ्चित गर्न पाइने छैन, गाउँपालिकावाट प्रदान भएको एम्वुलेन्स अन्य ब्यक्तिलाई लिइ एम्बुलेन्स वाहीर गएका बखत वैकल्पिक एम्बुलेन्सको व्यवस्थापन गर्नुपर्नेछ।

(ङ) एम्बुलेन्स संचालन गर्ने संस्थाले एम्वुलेन्स संचालनका लागि संचालन खर्च प्रस्तावमा स्वीकृत भए बमोजिम गाउँपालिकावाट वार्षिक रुपमा अधिकतम् रु ३,०००००/- (तीन लाख मात्र) सम्म माग गर्न सक्नेछ। सोही खर्चले एम्बुलेन्सको नियमित मर्मत, इन्धन तथा ड्राइभर खर्चको व्यवस्थापन गर्नु पर्नेछ।

(च) एम्बुलेन्स सेवा २४ सै घण्टा संचालनको जिम्मेवारी प्रस्तावक संस्थाको हुनेछ।

(छ) एम्बुलेन्समा जुनसुकै कारणले क्षति हुन वा हानीनोक्सानी हुन गएमा यसको व्ययभार प्रस्तावक संस्थाले बहन गर्नेछ।

**५. समिति सम्बन्धी व्यवस्थाः**

(१) एम्बुलेन्सको संचालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछ।

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको व्यक्ति - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) कार्यपालिकाले तोकेका एकजना महिला सहित ३ जना - सदस्य

(घ) गाउँपालिकाको अध्यक्षले तोकेको एक जना स्वास्थ्य स्वंयमसेवीका - सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

समितिमा संयोजकले आवश्यक्तानुसार विषयसंग सम्वन्धित पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा अन्य व्यक्तिलाई आमन्त्रण गरि परार्श लिन सक्नेछ।

(२) एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको काम कतव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) एम्बुलेन्स संचालन तथा व्यवस्थापनमा देखिएका समस्या समाधानमा सहजीकरण गर्ने ।

(ख) एम्बुलेन्सको सहि सदुपयोग गराउने तथा २४ सै घण्टा एम्बुलेन्स संचालनको सुनिश्चितता ल्याउने

(ग) एम्बुलेन्स संचालन तथा व्यवस्थापन कोषको परिचालन तथा सम्बन्धित क्षेत्रको प्रर्वद्धनमा खर्च गरी सो को विवरण कार्यपालिका समक्ष पेश गर्ने ।

(घ) एम्बुलेन्स सेवा दिन सकिने स्थानका गर्भवती तथा महिलाका लागि वैकल्पिक यातायात साधनको प्रर्वन्धगर्ने ।

(ङ) यस समितिबाट भए गरेको गतिविधि तथा एम्बुलेन्स सेवा संचालन सम्वन्धिको त्रैमासिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्ने छ।

(च) कार्यपालिकाले जिम्मेवारी दिएका क्षेत्रगत अन्य कार्यमा सहयोग एवं सहजीकरण गर्ने ।

६. गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा रहेको समितिले अनुगमन र सुपरवेक्षण गर्नेछ।

७. **संचालनको विधिः** एम्बुलेन्स संचालनको लागि गाउँपालिका आफैले गर्ने वा संस्था मार्फत गर्ने भन्ने विधि दफा ५ बमोजिमको समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार तय हुनेछ।

८. **बाधा अडकाउ फुकाउन र व्यख्या गर्न सक्नेः** कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ।

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकय अधिकृत